नेपाल सरकार

प्रदेश प्रमुख
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

# ग्याल्पो ल्होसार, २०८२ को शुभकामना सन्देश

शेर्पा समुदायको महान् पर्व ग्याल्पो ल्होसार, २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नेपालको हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा समुदाय लगायत महायानी बौद्ध धर्माबलम्बी समुदायले फागुन शुक्ल प्रतिपदा तिथिका दिन नयाँ वर्षको रुपमा ग्याल्पो ल्होसार मनाउँदछन्। यस अवसरमा परिवारमा सुख, शान्ति र राम्रो स्वास्थ्यका लागि पूजापाठ गर्नुका साथै बौद्ध धर्मालम्बीको झण्डा लुङदार पनि टाँग्ने काम हुन्छ। नेपालको हिमाली क्षेत्रमा विशेष महत्वका साथ परापूर्वकालदेखि मनाइदै आइरहेको यस ग्याल्पो ल्होसार पर्वले शेर्पा जातिको मौलिक संस्कृति र परम्पराको संरक्षण तथा संवर्द्धन गर्नुका साथै एक आपसमा प्रेम, सद्भाव र आत्मियता अभिवृद्धि गर्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यस पर्वले हामी सबैमा राष्ट्र र राष्ट्रियताप्रतिको गहिरो प्रेम, भातृत्व, दीगो शान्ति र सामाजिक सहिष्णुतासहित राष्ट्रिय एकताको भावनालाई थप प्रगाढ बनाउनका लागि प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

धन्यवाद !

२०८२ फागुन ६ गते, बुधबार।

नजिर मियाँ
प्रदेश प्रमुख

नजिर मियाँ
प्रदेश प्रमुख